# धितोपत्र कारोबार राफसाफ तथा फछ्यौंट (पाँचौं संशोधन) विनियमावली, २०७७

धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० ले दिएको अधिकार प्रयोग गरी नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले यो विनियमावली बनाई लागू गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी विनियमहरुको नाम "धितोपत्र कारोबार राफसाफ तथा फछ्यौंट (पाँचौं संशोधन) विनियमावली, २०७७" रहको छ ।

(२) यो विनियमावली सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले सार्वजनिक सूचना प्रकाशित गरी तोकेको मिति देखि प्रारम्भ हुनेछ ।

२. **विनियम ११ को उपविनियमं (२) मा संशोधनः** धितोपत्र कारोबार राफसाफ तथा फछ्यौंट विनियमावली, २०६९ को विनियम ११ को उपविनियम (२) को सट्टा देहाय बमोजिम उपविनियम (२) राखिएको छ :

"(२) यस विनियमावली बमोजिम कारोबारको राफसाफ तथा फर्स्यौट गरे वापत संगठित संस्थाको शेयरको प्रत्येक खरिद र बिक्रीमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले नेप्सेबाट कारोबार रकमको ०.०१७५ प्रतिशत कमिशन प्राप्त गर्नेछ ।

तर नेपाल सरकार वा नेपाल सरकारको जमानत वा पूर्ण सुरक्षित हुने गरी सरकारी संस्था वा नेपाल राष्ट्र बैंकले जारी गरेको ऋणपत्र तथा संस्थागत ऋणपत्र, सामूहिक लगानी कोषको इकाई तथा अन्य धितोपत्रको हकमा प्रत्येक खरिद बिक्री कारोबारको राफसाफ तथा फर्स्यौट गरे वापत नेप्सेले सदस्य दलालबाट प्राप्त गर्ने कारोबार शुल्कको पचास प्रतिशतले हुन आउने रकम नेप्सेलाई दिई बाँकी रहने पचास प्रतिशत रकम सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले प्राप्त गर्नेछ ।"

बोर्ड सचिव